लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित

जि.प्र.का.द.नं. :-१३/०७६/०७७
जि.हु.द.नं. १/०८२/०८३


# म्याग्दी नेपाल साप्ताहिक

MYAGDI NEPAL WEEKLY

www.erupse.com

वर्ष ७, अंक ५ २०८२ भदौ ०६ गते शुक्रबार (Friday 22 August 2025) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

"होटल जोमसोम प्राइड"
मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।



जोमसोम मुस्ताङ.०६९-४४००८३,९८४७८३१३६

# बन्दी प्रत्यक्षीकरण सम्बन्धी रिट सर्वोच्चबाट खारेज

अमृत बास्कुने

बेनी नगरपालिका ८ मा रहेको कुमारी बहुउद्देश्यीय सहकारीको रकम अपचलन सम्बन्धी मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका राजकुमार थापा समेतको बन्दी प्रत्यक्षीकरण रिट सर्वोच्च अदालतले खारेज गरीदिएको छ । जिल्ला र उच्च अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेशका बिरूद्ध सर्वोच्च अदालतमा बन्दि प्रत्यक्षीकरण रिट हालेकोमा उक्त रिट खारेज भएको हो ।




जिल्ला र उचचको आदेश विरूद्ध २०८२ असार २ गते सर्वोच्च अदालतमा वन्दीप्रत्यक्षीकरण रिट दायर भएको थियो । उक्त रिटका उपर असार ३ र ३२ गते तथा साउन ११ र भदौ ३ गते तारेख तोकीएको थियो । त्यसैगरी असार ३ गते न्यायाधीश बालकृष्ण ढकालको इजालसमा परेको रिटमा कारण देखाउ आदेश जारी भएको थियो । त्यस पछि साउन ४ गतेको सारङ्गा सुवेदी र महेश शर्मा पौडेलको संयुक्त इजालसमा पर्दा अन्य आदेश भएकोमा अन्तिम पटक भदौ ३ गते विनोद शर्मा र शान्तिसिंह थापाको इजालसले वन्दीप्रत्यक्षीकरण रिट नै खारेज गरिदिएको सर्वोच्च अदालतको वेवसाइटमा उल्लेख छ ।

सहकारी रष्ट्रिार कार्यालय पोखराको पत्र अनुसार गत २०८१ माघ २० गते बेनी नगरपालिका १ का राजकुमार थापा समेत पाँच जनालाई गिरफ्तार गरेको प्रहरीले फागुन ७ गते थप १ जनालाई गिरफ्तार गरेको थियो । प्रहरीले सर्वसाधारण बचतकर्तालाई आह्वान गरेको निवेदन अनुसार ६३६ जना बचतकर्ताले प्रहरीमा उजुरी दिएका थिए ।

कुल एक अर्ब १३ करोड ३३ लाख ९९ हजार ३० रूपियाँ विगो दावी गर्दै सरकारी वकिल कार्यालय म्याग्दीले गत १५ गते जिल्ला अदालत म्याग्दीमा अभियोजन दर्ता गरेको थियो । फरार १९ जना जनालाई पक्राउ पुर्जी जारी गरी पक्राउ भई आएमा वा म्याद नाघेपछि नियम अनुसार पेश गर्न आदालतले आदेश दिएको थियो ।

सरकारी वकिल कार्यालय म्याग्दीले फागुन १५ गते एक अर्ब १३ करोड बिगो दाबी गर्दै २५ जनालाई विपक्षी बनाएर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ बमोजिम अभियोग पत्र दर्ता गरेको थियो ।

जिल्ला सरकारी वकिल कार्यालय म्याग्दीले जिल्ला अदालत म्याग्दीमा दर्ता गरेको अभियोजन अनुसार संस्थाका पूर्व सचिव तथा वर्तमान अध्यक्ष यामबहादुर रोका, पूर्व उपाध्यक्ष डकमायाँ पाइजा, पूर्व सहसचिव बालकुमार रोका, पूर्व सदस्य नरबहादुर थापा मगर, गंगाप्रसाद पुन फरार रहको उल्लेख छ । त्यसैगरी पूर्व सदस्य विष्णुकुमारी गुरूङ, लेखा समितिका पूर्व सयोजका भोजबहादुर थापा मगर, पूर्व सदस्य भुलमायाँ तिलिजा, दिलबहादुर थपा, सविता पुन, डिलकुमारी पुर्जा, डिलबहादुर पुन, गनमती शेरपुजा, सिरमती पाइजा, सुर्यलाल पुर्जा मगर, गेमबहादुर घर्ती मगर, दुधकुमारी शेरबुजा, जमुना पुन पुर्जा र नरबहादुर गर्बुजा पुनलाई फरार भन्दै सहकारी ठगी सम्बन्धी कसुरमा अभियोजन गरेको थियो ।

जिल्ला अदालतमा जिल्ला सरकारी वकिल कार्यालयले दर्ता गरेको अभियोजनमा २५ जना सबै सँग फरकफरक विगो सहितको माग राखेको छ । राजकुमार थापा बिरूद्ध १७ करोड ५८ लाख ६३ हजार चार सय २६ रूपियाँ ५० पैसा विगो दावी गरिएको छ । त्यस्तै देवीकुमारी थापाई तीन करोड ७१ लाख ४ हजार ६ सय ३१ रूपैंया ९० पैसा, मनप्रसाद थजालीलाई ५ करोड ८२ लाख ६६ हजार ७ रूपैंया ६९ पैसा, थमबहादुर गर्बुजालाई ४ करोड ५५ लाख ९४ हजार २ सय २७ रूपैंया ९३ पैसा विगो दावी गरीएको छ । त्यसैगरी रूद्रबहादुर गुरूङलाई १३ करोड ५९ लाख ४८ हजार ६ सय ९ रूपैंया ७० पैसा, लोकबहादुर पुनलाई २ करोड १० लाख ४६ हजार ४४ रूपैयां ३ पैसा, यामबहादुर रोकालाई ४ करोड ३८ लाख ५६ हजार ६ सय ६१ रूपैंया ५५ पैसा, डकमायाँ पाइजालाइ ३ करोड ८५ लाख १५ हजार ९ सय २० रूपैंया ३३ पैसा विगो दावी गरीएको छ । बालकुमार रोकालाई ७ करोड ४४ लाख ६३ हजार ५ सय ८३ रूपैंयाँ ५४ पैसा, नरबहादुर थापा मगरलाई ३ करोड ७१ लाख ३५ हजार ११ रूपैंया ९८ पैसा, गंगाप्रसाद पुनलाई ३ करोड ७० लाख ६८ हजार ६ सय ३१ रूपैंया ९८ पैसा, भोजबहादुर थापा मगरलाई ५२ लाख ९३ हजार ५ सय ८५ रूपैंयाँ १३ पैसा, विष्णुकुमारी गुरूङलाई ३ करोड ७९ लाख ५८ हजार ३ सय ६१ रूपैंयाँ ८७ पैसा विगो दावी गरेर अदालतमा अभियोजन दर्ता भएको छ ।

जिल्ला सरकारी वकिल कार्यालयले भुलमायाँ तिलिजाको हकमा ३ करोड ६४ लाख ८४ हजार ८ सय ७ रूपैंयाँ ९८ पैसा, डिलबहादुर थापा मगरको हकमा ४ करोड ५ लाख ४० हजार ६ सय ११ रूपैंयाँ ९८ पैसा, सबिता पुनको हकमा ३ करोड ६४ लाख ४० हजार ८ सय ७ रूपैंया १७ पैसा, डिलकुमारी पुर्जाको लागि ३ करोड ५१ लाख ६३ हजार २ सय ९५ रूपैंया १२ पैसा विगो दावी सहित सरकारी वकिल कार्यालयले अभियोजन गरेको छ । डिलबहादुर पुनको हकमा जिल्ला सरकारी वकिल कार्यालय म्याग्दीले ३ करोड ५१ लाख ६३ हजार २ सय ९५ रूपैंया १२ पैसा, गनमती सेरपुजा मगरलाई ३ करोड ५१ लाख ६३ हजार २ सय ९५ रूपैयाँ १२ पैसा, सिरमती पाइजाको हकमा ३ करोड ५१ लाख ६३ हजार २ सय ९५ रूपैंया १२ पैसा, सँर्यलाल पुर्जा मगरको लागि ३ करोड ५१ लाख ६३ हजार २ सय ९५ रूपैंया १२ पैसा विगो दावी सहित अभियोजन दर्ता भएको छ । गेमबहादुर घर्ती मगरको हकमा पनि सरकारी वकिल कार्यालयले १ करोड ८५ लाख ५९ हजार ६ सय

बाँकी पाँचौं पृष्ठमा

मंगला मेसिनरी एण्ड कृषि सामग्री केन्द्र
बालमन्दिर चोक, बेनी बजार म्याग्दी
प्रो. केशव पौडेल, सम्पर्क नम्बर:-9857628723



हामीकहाँ :-
मिनिटेलर, राईस मिल, चेन्स मेसिन, च्याप कटर इन्डियन टनेल, नेपाली टनेल, स्प्रे ट्याङ्क, थोपा सिंचाई मोटरहरु बिक्री गरिनुका साथै मर्मत पनि गरिन्छ ।

प्रो.पुर्ण गौचन ९८५७६३०२७८
होटल हिलभ्यू, थकाली भान्साघर
पिपलचोक, बेनी, म्याग्दी
फोन :- ०६९-५२११५८/५२०३५९
पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।

सम्पादकीय

## खेल पर्यटनका लागि

हाल नेपाली राष्ट्रिय क्रिकेट टिम अष्ट्रेलिया भ्रमणमा रहेको छ । टप इन्ट टी २० सिरिजका लागि पुगेको नेपाली टोलीले खेलेका ५ मध्ये तीन हार र दुईमा जित निकालेको छ। पहिलो खेलमा अस्ट्रेलियाको नर्दन टेरिटोरी स्ट्राइकरसँग ४२ रनले पराजित भएको नेपाल दोस्रो खेलमा बङ्गलादेश " ए"सँग ३२ रनले पराजित हुँदा तेस्रो खेलमा मेलबर्न स्टार्स एकेडेमीसँग ३१ रनले स्तब्ध भएको थियो। चौथो खेलमा भने नेपालले होबार्ट हरिकेन्सलाई ६६ ले हराएउँदै खाता खोलेको थियो । बुधबारको खेलमा मेलबर्नमाथिको ३३ रनको जितसँगै तालिकामा नेपालले चार अङ्क जोडेको छ । यो जितसँगै ११ टिम सहभागी सिरिजमा नेपाल तालिकाको छैटौं स्थानमा उक्लिएको छ । नेपालले अर्को खेल शुक्रबार पाकिस्तानसँग खेल्नेछ । खेलका धेरै पाटाहरु यस सिरिजले उजागर गरेको प्रसंग कसैलाई लुकेको छैन । नेपाल रातको समयमा खेल्न निकै संघर्ष गर्नु परेको यस पटकको खेलले देखायो । रातीमा भएको फ्लड लाइटमा खेल्दा धेरै क्याचहरु ड्रप भएभने फिल्डी तथा बलिङ र ब्याटीङमा पनि केही समस्या देखियो ।

खेल सँगै यसलाई पनि पर्यटन सँग जोडेर हेर्न सकिन्छ । नेपालको खेल हुँदा नेपाली दर्शकहरु धेरैको संख्यामा मैदानमा पुगेको अवस्थाले खेलकुद पर्यटनका लागि महत्वपूर्ण पाटो हो भन्ने कुरा स्वीकार गर्न कुनै समस्या भएन । कुनै पनि खेलमा हेर्न पुग्ने दर्शकहरुको संख्या उल्लेख्य हुन्छ र नेपालीले खेलेका हरेक खेलमा पुग्ने दर्शकहरुको समर्थन पनि निकै मजबुत नै देखिन्छ । हाल सम्म भएका हरेक प्रकारका खेलमा हुने खचाखच दर्शक अनि सामाजिक सञ्जालमा आएको प्रत्यक्ष प्रसारणमा पनि दर्शकहरुको उस्तै मोहले पनि खेलकुदले सबै क्षेत्रमा काम गरेको देखाउँछ । हाल नेपालमा हुने गरेका फ्रेन्चाइज फुटबल, भलिबल, तथा क्रिकेटमा पनि दर्शकहरुले मैदान भरीने अवस्थाले आर्थिक परिचालन गरेको छ । कुनै पनि खेलमा हुने आम्दानी खर्च भन्दा पन धेरै आर्थिक परिचालनले अर्थ राख्छ । गत वर्ष भएको नेपाल प्रिमियर लिगमा भएको क्लब खरिद देखि लिएर अन्तिममा भएको पुरस्कार रकम तथा दर्शकले काटेको टिकले पनि आर्थिक क्षेत्रमा एक प्रकारको सक्रियता ल्याएको थियो ।

खेलकुदको विकास गर्न सकेको खण्डमा हाम्रो अर्थतन्त्र चलायमान हुन्छ । आर्थिक चलायमान हुँदा रोजगारीका अवसरहरु पनि बढ्दै जाने हुन्छ । यसले पनि के देखाउँछ भने कुनै पनि क्षेत्रमा हुने गतिबिधिले आर्थिक गतिबिधिलाई नै प्रोत्साहन दिन्छ र त्यो अगाडी बढ्छ भन्ने हो । हामीले गर्ने गतिबिधिहरुले बनाउने आर्थिक चलायमान गति र यसले देखाउने बाटाहरुले पनि हामीलाई सकारात्मक उर्जा दिने भएकाले मुलुक भित्र सुरु भएका खेलकुद संरचना निर्माणलाई पूर्णता दिन तर्फ सबैले ध्यान दिनु पर्छ । सम्भावना भएका स्थानहरुमा खेल संरचना निर्माण गर्नुका साथै थप तयार गरेको खण्डमा आन्तरीक मात्रै नभएर विदेशी पर्यटकको पनि आगमन हुने कुरामा कुनै दुइमत छैन ।

# स्थानीय तहको अधिकार, जनताका अपेक्षाहरु र वास्तविकता

## संघीय संरचना र स्थानिय तहको परिकल्पना



धर्मकान्त पौडेल

लोकतान्त्रिक आन्दोलनको जगमा निर्मित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने ब्यबस्था गरेको छ । तीनवटै तहका अधिकार क्षेत्रका विषयमा संविधानले नै स्पष्ट व्यवस्था र व्याख्या गरेको छ । विगतमा प्रत्यायोजित अधिकार मात्र प्रयोग गर्न पाउने स्थानीय निकायलाई राज्यशक्तिको उपयोग गर्ने गरी स्थानीय सरकारको अभ्यास गर्न थालिएको ७ वर्ष पुरा भएको छ । संघीयतामा संघ, प्रदेश र स्थानीय तहका सरकारहरु संविधानप्रदत्त अधिकार क्षेत्रमा स्वायत्त ढङ्गले कार्य सम्पादन गर्न सक्दछन् र संविधानले परिकल्पना गरेअनुसार संघ र प्रदेश सरकार जस्तै स्थानीय सरकार स्वायत्त सरकार हो । संविधानको धारा १३२ मा संघ प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको अधिकारको प्रयोग गर्ने व्यवस्था गरेको छ । संविधानको अनुसुचि ८ मा उल्लेख गरिएका स्थानीय तहका २२ वटा अधिकार सूची, अनुसुचि ९ मा उल्लेखित संघ प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत रहेका शिक्षा, स्वास्थ्य, कृषि, वन्यजन्तु, जल उपयोग, वातावरण तथा जैविक विविधता, विपत व्यवस्थापन, सामाजिक सुरक्षा जस्ता स्थानीय तहका १५ वटा अधिकारसूचीहरुको प्रयोग




स्थानीय सरकारको हैसियतमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अभ्यास गर्ने एक महत्वर्पूर्ण अङ्गका रुपमा परिभाषित गरिएको छ र तीनै तहले आफूलाई प्राप्त अधिकारक्षेत्र भित्र पर्ने निति निर्माण, शासन सञ्चालन, विकास निर्माण र सेवा प्रबाह लगायतका विविध कार्यहरू अगाडि बढाइरहेका छन् ।

स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकारको रुपमा परिचित छ । नेपालमा सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ ।

अधिकारको बाँडफाँड र स्थानीय तहका जिम्मेवारीहरु

संविधानले संघ, प्रदेश र स्थानीय तहहरुमा राज्यशक्तिको बाँडफाँड गरी स्थानीय तहको एकल र साझा अधिकार क्षेत्रको व्यवस्था गरेको छ । साथै आफ्नो अधिकार क्षेत्रका विषयमा सम्बन्धित तहको व्यवस्थापिकाले आवश्यक कानुन निर्माण गरी कार्यकारी एवं कार्यान्वयनको दायित्व र जिम्मेवारी पनि स्थानीय तहमाथि नै छ ।

संविधानका मौलिक हक र राज्यका निर्देशक सिद्धान्तमा उल्लेखित स्थानीय सरकारले गर्नुपर्ने काम, नेपाल सरकारको कार्यविभाजन नियमावली, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायत अन्य ऐन कानुन अन्तर्गत स्थानीय सरकारले गर्नुपर्ने कामका लागि आवश्यक स्रोत व्यवस्थापन पनि स्थानीय तहका सरकारहरुले नै गर्नुपर्ने हुन्छ । स्थानीय तहको यति धेरै कार्य जिम्मेवारी छ, जुन जिम्मेवारी बहन गर्न बलियो र सामर्थ्य युक्त स्थानीय तह जरुरत पर्दछ ।

जनअपेक्षा र व्यवहारिक चुनौतीहरु

स्थानीय तहसगँ जनसमुदायमा असीमित आशा र अपेक्षा देखिएको छ । आधारभूत सेवा प्रवाहमा सहजता, गुणस्तरीय विकास निर्माण, भष्टाचार रहित र जवाफदेही शासन, रोजगारी र आय आर्जनमा सहयोग, स्थानीय स्रोत र सम्पदाको संरक्षण, सूचना पहुँच र प्रविधिको उपयोग, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा तथा शान्ति सुरक्षा र न्यायमा पहुँच लगायतका अपेक्षा स्थानीय सरकारले पुरा गरोस भन्ने चाहना जनताले राखेका छन् । तर न्यून बजेट, आफ्नै राजश्व स्रोत पहिचान गर्न असमर्थ हुनु, वित्तीय हस्तान्तरणमा सशर्त अनुदानको मात्रा बढी हुनु, संघ सरकार र प्रदेश सरकारमा अझै पनि केन्द्रिकृत सोंच हाबी, स्थानीय तहमा सक्षम जनसक्तिको अभाब लगायतका कारण स्थानीय सरकारले जनताको आशा र अपेक्षा बमोजिम काम गर्न कठिन छ । स्थानीय तहले निमार्ण गर्ने कानुन र लिने नीतिहरूमा समेत केन्द्र सरकारले अवशिष्ट अधिकारको प्रयोग र उपल्लो तहले आवश्यक निर्देशन दिनसक्ने व्यवस्था मार्फत रोक लगाउने गरेको पाइन्छ ।

योजना निर्माण र बजेटमा देखिएका कमजोरीहरु

निर्बाचित जनप्रतिनिधिमा योजना तथा बजेट सम्बन्धमा नीतिगत ज्ञान अझै पनि कम रहेको पाइन्छ । जसका कारण जनताका प्राथमिकतामा योजना

बाँकी पाँचौं पृष्ठमा

# हार्दिक बधाई तथा शुभकामना







**हिमाल बरुवाल**

हाम्रा श्रद्धेय दाजु हिमाल बरुवाल त्रिभुवन विश्वविद्यालय सेवा आयोगको खुला प्रतियोगिताको माध्यमबाट लिखित तथा अन्तरवार्तामा समेत सफल भई त्रि.वि. शिक्षक नियुक्तिको सिफारिस सम्बन्धी विनियम २०७५(२०७७ माघ ४ गतेसम्मको संशोधन सहित)को परिच्छेद १३ मा भएको व्यवस्था बमोजिम त्रि.वि. सेवा आयोगको निर्णयानुसार स्थायी उप प्रधाध्यापक पदमा नियुक्तीका लागि लागि सिफारिस हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**समुन्द्र बरुवाल**

**स्वास्थ्य शाखा प्रमुख**

## अन्नपुर्ण गाउपालिका

**पोखरेबगर म्याग्दी**

**तथा सम्पूर्ण परिवार**

# बिरेन्द्रचोक आमा समुहमा श्रेष्ठ

संगीता श्रेष्ठको अध्यक्षतामा बिरेन्द्रचोक आमा समुह गठन गरिएको छ । बेनी नगरपालिका ७ बिरेन्द्रचोक क्षेत्रका आमाहरुको भेलाबाट उपाध्यक्षमा प्रकृति पौडेल, सचिव सोविता कार्की, कोषाध्यक्ष रजिता घिमिरे, सह–सचिव शिलु श्रेष्ठ रहनुभएको छ । त्यसैगरी सदस्यहरुमा प्रतिक्षा श्रेष्ठ, फूलमायाँ बानियाँ, बन्दना शर्मा, गिता थापा भण्डारी, पुष्पाकुमारी पुन, एलिना थापा, ममता पौडेल र सनिता जिसी रहनुभएको छ ।

# मनाइयो राष्ट्रिय सूचना दिवस

म्याग्दीमा सूचनाको हकसम्बन्धी ऐन लागु भएको दिनको सम्झनामा प्रकाश माध्यमिक विद्यालयमा एक कार्यक्रम आयोजना भयो । जिल्ला प्रशासन कार्यालयको आयोजना, जिल्ला हुलाक कार्यालयको सह–आयोजनामा विज्ञान विषयमा अध्ययनरत विद्यार्थीहरुलाई सूचनाका हक सम्बन्धित जानकारी दिइएको थियो । २०६४ साल साउन ५ गते सूचनाको हकसम्बन्धी ऐन प्रमाणीकरण भई भदौ ३ गतेदेखि लागु भएको स्मरणमा दिवस मनाउने गरिन्छ ।

# म्याद गुज्रेका सामान नष्ट

उत्तरी म्याग्दीको अन्नपुर्ण गाउँपालिका–३, दानामा बजार अनुगमनमा भेटिएका म्याद गुज्रेको सामग्री नष्ट गरिएको छ । जिल्ला प्रशासन कार्यालय म्याग्दीको आयोजनामा भएको पसल तथा होटलहरूको अनुगमनमा भेटिएका म्याद गुज्रेका सामान जफत गरी नष्ट गरीएको हो । होटलमा सरसफाइको कमी, मूल्यसुची नटाँसेको, लेबल नराखेका सामानहरू बिक्री गरेको, प्याकेजिङ गरी सामान बेचेको, साईनबोर्ड नराखेको जस्ता कमीकमजोरीहरू भेटिएका छन् । म्याद सकिएका चिसो पेयपदार्थ, मिठाई, बत्ती बाल्ने तेल, भुजा, कुरकुरे, आटालगायत दैनिक उपभोग्य खाद्यान्न सामग्रीहरू जफत गरी नष्ट गरिएको पर्यटन तथा उद्योग कार्यालय म्याग्दीका कार्यालय प्रमुख अमृत प्रसाद कँडेलले बताउनुभयो ।

# खानेपानी कार्यालय बन्द हुँदा प्रभावित

बेनीस्थित संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालयमा ताला लगाउँदा आयोजनाको काम प्रभावित भएकोले आयोजनासँग सम्बन्धित कार्यक्रम अगाडी बढाउन माग गरिएको छ । जिल्लामा सञ्चालनमा रहेको बेनी खानेपानी सरसफाई तथा उपभोक्ता संस्था, बृहत् घोप्टेखोला खानेपानी, बृहत् चिमखोला भगवती खानेपानी लगायतका आयोजनाहरुलाई प्रत्यक्ष असर गरेको भन्दै आयोजनाको कामलाई अगाडी बढाउन आवश्यक सहजीकरणको अनुरोध गरिएको छ । तीनै वटा संस्थाका प्रतिनिधिले प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकाललाई ज्ञापनपत्र बुझाएका हुन् ।

# विद्यार्थीसंग हुलाक सेवा

जिल्ला हुलाक कार्यालय म्याग्दीले 'विद्यार्थीसँग हुलाक सेवा' कार्यक्रम सुरु गरेको छ । पछिल्लो समय प्रविधिको प्रयोगका कारण नागरिकले हुलाकबाट पत्र पठाउने चलनमा कमी आएपनि हुलाकको महत्व र उपलब्ध सेवाका बारेमा विद्यालयम पुगेर विद्यार्थीलाई जानकारी गराउने अभियान सुरु भएको हो । बेनी नगरपालिका–८,बसपार्कमा अवस्थित बालमन्दिर माविमा आयोजित कार्यक्रममा हुलाक टिकटको महत्वका बारेमा जानकारी सहित डाँक सेवा, द्रुत डाँक सेवा, ढुवानी प्रणाली, सुचना तथा सञ्चारमाध्यम, संचनाको हक लगायतका विषयमा कार्यालय रमेश थापा,खरिदार मिनबहादुर बरुवालले सहजीकरण गर्नुभएको थियो ।

# मंगला १ को सेवा घरदैलोमा

मंगला गाउँपालिका–१, पैयुपाटाकी क्यान्सर पिडीत ६३ वर्षिया चमेली सार्कीको सामाजिक सुरक्षा भत्ता परिचयपत्रको घरमै नविकरण भयो । पाठेघरको क्यान्सरबाट ग्रसित सार्कीले जेष्ठ नागरिक दलित भत्ता पाउनुहुन्छ र त्यसका लागि सामाजिक सुरक्षा भत्ताको परिचय अध्यावधिका लागि सामाजिक परिचालक ज्ञानेन्द्र किसान घरमै पुगेर काम सक्दीनुभयो । सार्कीको आगनमै पुगेर सामाजिक परिचालक किसानले बायोमेट्रिक लिनुभयो । वडा अध्यक्ष एकजित रोका सहितको टोलीले थाइवाङका ७० वर्षिय वर्ण सिङ पुन, रनप्रसाद भट्टचन, रेवती रुन्तिजा, मजुवाका ज्ञान बहादुर खत्रीको पनि परिचयपत्र घरमै पुगेर नविकरण गर्नुभएको हो ।

वडाको घुम्ती टोलीले भर्जुलामा ४३ जना, थाइवाङ ४६ जनालाई सेवा दिइएको र हिड्न नसक्नेहरूलाई घरमै पुगेर सेवा दिने कार्यक्रम निरन्तर रहेको वडा अध्यक्ष रोकाले बताउनुभयो ।

# तीन खेलाडी महिला लिगमा छनौट

अखिल नेपाल फुटबल संघ (एन्फा)ले आयोजना गर्ने एन्फा महिला लिग छनौट प्रतियोगिताका लागि म्याग्दीका तीन खेलाडी छनौट भएका छन् ।

म्याग्दीको महिल फुटबल टिममा आवद्ध भएर जिल्ला तथा प्रदेशस्तरीय खेलमा समेत उत्कृष्ट खेल देखाउन सफल मंगला गाउँपालिका वडा नं २ की निकिता सिंह र मालिका गाउँपालिका–६, दिच्यामकी गंगा पाइजा आरएस.पोखरा फुटबल क्लब र पोखरा गर्ल्स एफसीमा मालिका गाउँपालिका–५ देविस्थानकी दिपा बुढा गोलरक्षकमा अनुबन्धन हुनुभएको छ ।

जिल्लाका खेलाडीलाइ पछिल्लो समय महिला फुटबलको व्यवसायिक क्लवमा समेत आवद्ध हुने अवसर मिलेको जिल्ला फुटबल संघका अध्यक्ष कुमार बानियाँले बेनीअनलाइनलाई बताउनुभयो । प्रतियोगितामा देशभरका १४ क्लबहरू आवद्ध हुने र कुल पाँचवटा टोलीहरू एन्फा महिला लिगको लागि छनौट हुनेछन् । सहभागी १४ टिमहरूलाई दुइ समुहमा विभाजन गरिएको छ । प्रतियोगितामा कुल ४३ वटा खेलहरू खेलिनेछन् ।


# हार्दिक शुभकामना

युवाहरुको अग्रसरता र सक्रियतामा सञ्चालित
मुस्ताङ जिल्लामै धेरै पाहुनालाई सेवा दिन सक्ने क्षमताको होटल
प्राइडले सफलता पूर्वक पहिलो वार्षिकोत्सव पुरागरी दोश्रो वर्ष प्रवेश गरेको
अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।




लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.
तथा म्यायग्दी नेपाल साप्ताहिक परिवार

## बन्दी......

१९ रूपैंया ६ पैसा, दुधकुमारी शेरबुजाको हकमा ३ करोड ५१ लाख ६३ हजार २ सय ९५ रूपैंया १२ पैसा, जमुना पुन पुर्जाको हकमा ३ करोड ५१ लाख ६३ हजार २ सय ९५ रूपैंया १२ पैसा र नरबहादुर गर्बुजा पुनको हकमा ७० लाख ७९ हजार ४ सय १३ रूपैंयाँ ५५ पैसा बिगो दावी सहित अभियोजन दर्ता भएको थियो ।

बेनी नगरपालिका ८ मा रहेको कुमारी सहकारीका अध्यक्ष यामबहादुर रोकालाई प्रहरीले २०८१ माघ २० गते देखि खोजी गरी रहेको भए पनि भेट्न नसकेको दावी छ । कुमारी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष रोका लगायत २५ जना बिरूद्ध जिल्ला अदालतमा मुद्दा चलि रहेको छ । मंगला गाउँपालिका ३ का निर्वाचित वडा अध्यक्ष समेत रहनु भएका रोकालाई प्रहरीको रेकर्ड अनुसार भेट्नै नसकेको भन्ने देखिन्छ । तर उहाँले मंगला गाउँपालिका वडा नं. ३ को लेटर हेडमा वडा सदस्यलाई कार्यवाहक दिँदै गत असार सम्म मंगला गाउँपालिका, जिल्ला प्रशासन कार्यालय म्याग्दी र मालपोत कार्यालय म्याग्दीलाई पत्राचार गर्ने गर्नुभएको थियो । त्यस भन्दा अगाडी एकएक महिनाका लागि कार्यवाहक दिँदै आउनु भएका रोकाले असारमा भने आफू नआउँदा सम्मका लागि भन्दै वडा सदस्य भेषकुमारी पुनलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी तोक्नु भएका छ ।

अध्यक्ष रोकाले २०८१ को माघ २३ गते लेखेको पत्र मंगला गाउँपालिकामा २३ गते नै १९६० नम्बरमा दर्ता भएको थियो । त्यस्तै फागुन २ गते लेखेको पत्र फागुन ६ गते गाउँपालिकाले आफ्नो दर्ता किताबमा दर्ता गरेको तत्कालीन प्रमुख प्रशासकिय अधिकृत गोपाल शर्माले बताउनुभयो । त्यस्तै चैत १ गते, चैत ३१ गते र २०८२ को जेठ १ गते गरी पाँच पटक पत्राचार भएको छ । आर्फु बाहिर रहन पर्ने भएकोले अध्यक्षले गर्ने कामकाजको अधिकार वडा सदस्य भेषकुमारी पुनलाई जिम्मेवारी तोकेर पत्र थमाइएको छ ।

म्याग्दी जिल्ला अदालतका सूचना अधिकारी डिल्लीराज पौडेलले २०८१ माघ २० गते सहकारीको बचत अपचलन आरोपमा पाँच जनालाई गिरफ्तार गरेर अनुसन्धान थालेपछि त्यो मुद्दामा जोडिएका र हाल सम्म सम्पर्कमा नआएका सबै सोही दिन देखि नै फरार रहने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ–' माघ २० गते पाँच जना पक्राउ र त्यस पछि फागुन १५ गते जिल्ला अदालतमा अभियोजन दर्ता भयो, २१ गते पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएपछि २५ गते बाँकी १९ जना बिरूद्ध पक्राउ पुर्जी नै जारी भएको छ ।' पक्राउ पुर्जी जारी भएपछि चैत ४ गते यामबहादुर रोकाको घरमा पुर्जी टाँसीएकोले उनी सबैलाई जानकारी भएकै फरार अभियुक्त हुन् उहाँले भन्नुभयो ।

मंगला गाउँपालिकाले इमेलमा पत्र आयो, आएको पत्र प्रिन्ट गरेर दर्ता गरिएको प्रतिकृया दिएको छ । कार्यालयमा प्राप्त सबै पत्र दर्ता गर्नु पर्छ र हामीले त्यही गर्ने र पत्र प्राप्त भएको रेकर्ड अध्यावधिक त गर्नै पर्ने र त्यही गरीएको गाउँपालिकाको प्रतिकृया रहेको छ ।

जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी नायव उपरीक्षक(डिएसपी) सूर्यबहादुर थापाले प्रहरीले खोजी गरी रहेको भए पनि फेला नपरेको बताउनुभयो । उहाँले आर्फहरू यामबहादुर रोका मात्रै नभएर कुमारी सहकारीको फरार सँचीमा रहेका १९ जनालाई नै खोजी गरीरहेको भए पनि फेला पार्न नसकेको बताउनुभयो । प्रहरीले खोजी रहेको भए पनि फेला नपरेकोले यसै भन्न नसकिने उहाँको तर्क थियो ।

वडा अध्यक्षको कार्यवाहक पाएकी भेषकुमारी पुनले भने आफूलाइ अध्यक्षले फरकफरक नम्बरबाट फोन गर्ने गरेको बताउनुहुन्छ । कार्यवाहकको पत्र पाउँछु उहाँको फोन आउँछ तर उहाँ कहाँ हुनुहुन्छ थाहा भएन पुनले भन्नुभयो ।

कुमारी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको सहकारी ठगी सम्बन्धी मुद्दामा म्याग्दी जिल्ला अदालतका न्यायाधीश प्रकाशप्रसाद पण्डितको इजलासले बेनी नगरपालिका १ का राजकुमार थापा सहित पाँच जनालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो । २०८१ फागुन १८ गते आइतबार देखि शुरू भएको बयान तथा २२ गते बुधबार सम्म भएको थुनछेक बहसपछि कुमारी सहकारीका पूर्व उपाध्यक्ष थापा, पूर्वअध्यक्ष मनप्रसाद थजाली, पर्वप्रबन्धक रुद्र गुरूङ, सञ्चालक समितिका सचिव देवी थापा र लेखा समितिका पूर्वसदस्य लोकेस भन्ने लोकबहादुर पुनलाई पुर्पपक्षका लागि थुनामा पठाउने आदेश दिएको हो ।

उक्त आदेश विरूद्ध उच्च अदालत पोखराको बागलुङ इजालसमा पुनराबेदन गएको भए पनि उच्च अदालतले पनि जिल्लाकै आदेश सदर गरेको थियो । त्यस पछि जिल्ला र उच्चको आदेश विरूद्ध सर्वोच्चमा बन्दीप्रत्यक्षीकरण रिट हालेकोमा सर्वोच्चले रिट खारेज गरिदिएको छ । सर्वोच्चबाट रिट राखेज भए सँगै अब जिल्ला अदालतकै अन्तिम फैसला सम्म कुर्नु पर्ने भएको छ ।

## स्थानीय ......

तर्जुमा कम भई टुक्रे योजना, आवश्यकतामा आधारित योजना भन्दा मागमा आधारित योजना, उत्पादन बढाउने योजना भन्दा बितरणमुखी योजना, सिमित समुदायलाई फाइदा दिने योजना बढी आउने गरेको पाइन्छ । योजना छनोट र बजेट विनियोजनमा राजनीतिक दबाब र स्वार्थ हावी हुदाँ वास्तविक आबश्यकता र दिगो बिकासको सट्टा मतदाता आकर्षण र राजनीतिक लाभमुखी योजनाहरूमा प्राथमिकता दिने प्रबृत्ति पाइन्छ । जनप्रतिनिधिको जोड अझैपनि उत्पादनमूलक योजना छनोट भन्दा पूर्वाधार निर्माणमा केन्द्रित रहेको पाइन्छ । पूर्वाधार निर्माणको मापदण्ड बनाई कार्यान्वयन गर्ने कार्यमा स्थानीय तहको ध्यान गएको पाईदैंन जसका कारण दिगो पुर्बाधार र उत्थानशिल बिकास को अबधारणा अझै पनी स्थानीय तहले अंगिकार गर्न सकेको पाइँदैन । बजेटमा बिकास बजेटको हिस्सा न्युन हुन र विनियोजित बजेटमा पनि पुँजीगत खर्च कम हुदाँ स्थानीय तहले सोचेअनुरूप कार्य गर्न नसकेको तितो यथार्थ छ । अधिकांश उपभोक्ता समितिबाट हुने बिकास निर्माणका कार्यहरू समितिको प्राबिधिक ज्ञानको अभाव र कमजोर अनुगमन र मूल्याङ्कनले दिगो हुन सकेको छैन ।

सेवा प्रवाह र विकासका उपलब्धिहरु ः सीमित स्रोत र साधनका बाबजुत जनताको नजिकको सरकारको रूपमा रहेको स्थानीय सरकारले बिकास निर्माण र सेवा प्रवाहमा महत्वपूर्ण भुमिका निर्बाह गरेको छ । स्थानीय स्रोतको परिचालन गरी पूर्वाधार बिकास, बिपद न्यूनीकरण तथा जनताका तत्कालीन समस्याको समाधानका सबालमा स्थानीय तह जनताको लागि बरदान साबित भएको छ । बस्ती स्तरबाट योजना संकलन गरी योजना तर्जुमा गर्ने ब्यबस्थाले जनताका आधारभुत समस्याको समाधानमा स्थानीय सरकारको भूमिका महत्बपूर्ण छ । सिमित बजेटबाट जनता हिंड्ने गोरेटो बाटो बनेका छन्, झोलुङ्गे पुलहरू बन्दा कैयौं स्थानमा साँघु र तुइनहरू विस्थापित हुदैं गएका छन् ।

शिक्षा क्षेत्रमा पुर्बाधार निर्माण साथसाथै शिक्षक ब्यवस्थापन, बालमैत्री पठनपाठन प्रवर्द्धन र स्थानीय पाठ्यक्रमको बिकास भएको छ । स्वास्थ्य सेवा विस्तारमा स्थानिय तहले स्वास्थ्य चौकी सुधार, निःशुल्क औषधी बितरण, महिला र किशोरी स्वास्थ्य कार्यत्रम, आपतकालिन स्वास्थ्य ब्यवस्थापन, जनचेतना र सरसफाइ लगायतका कार्यहरूले जनताको स्वास्थ्य सेवामा पहुचँ बढेको छ भने घरमा सुत्केरी हुने दर नगन्य छ । सफा र सुरक्षित खानेपानीमा पहुँचमा बृद्धि भएको छ भने खानेपानी स्रोत संरक्षण र ब्यवस्थापनमा महत्वपुर्ण कार्यहरू भएका छन् । साना सिचाँइ योजनाहरू बनेका छन् जसवाट खाली जमिनहरूमा ब्यावसायिक खेतिपाती हुन थालेको छ भने कृषी प्रवर्द्धन र खाद्य सुरक्षामा महत्वपुर्ण कार्य भएका छन् । स्थानीय तहले आफ्नै स्तरमा जनशक्ति भर्ना, साना उद्योग प्रबर्द्धन, तालिम संचालन मार्फत रोजगारी सिर्जना गरेका छन् भने कृषिमा अनुदान, महिला सशक्तिकरण कार्यक्रम जस्ता योजनाबाट स्थानीय उत्पादन प्रवर्द्धनमा महत्वपूर्ण भुमिका निर्बाह गरेको छन् भने ग्रामीण जीवनस्तरमा सुधार भएको छ । महिला, बालबालिका र दलितमुखी कार्यक्रम कार्यान्वयन मार्फत समाबेशी बिकासमा फड्को मारेको छ । स्थानिय जात्रा, परम्परा, सम्पदा संरक्षण, धार्मिकस्थलको सुधार मार्फत स्थानीय पर्यटन प्रवर्द्धनमा महत्वपुर्ण प्रयास भएको छ ।

निष्कर्ष ः स्थानीय सरकारको प्रयासको बावजुत बिकास गाँउतिर जाने तर गाँउका जनताहरू सहरबजार र विदेश पलायन हुने अवस्था बिद्यमान छ । अबको स्थानीय तहको मुख्य चुनौति विदेशमा रहेका युवा शक्तिलाई देश फर्काउनमा भूमिका खेल्ने र कृषिमा ब्यावसायिता र रोजगारी सिर्जना गरी बजारबाट गाँउ फर्कने बाताबरण सिर्जना गर्नुपर्दछ । स्थानीय तहले प्राप्त अधिकारको उपयोग गरी जनताका आधार भूत आवश्यकता सुनिश्चितता र मौलिक हक कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेलेको छ जसले जनताका अपेक्षाहरू क्रमश पँरा हुदैं गएका छन् तर जनताले अपेक्षा गरेको गतिमा काम गर्न अझै पनि नसकेको अवस्था छ । संघीयताको मर्म अनुसार स्थानीय तहको सेवा प्रवाहमा जनतामा अनुभूत हुने गरी पारदर्शिता, जवाफदेहिता र जनसहभागिताको सुनिश्चितता मार्फत सिंहदरबार गाँउमा आएको अनुभूत गराउनु नै स्थानीय सरकारको प्रमुख चुनौती हो । जसबाट स्थानीय तह जनअपेक्षाको सम्बोधनकर्ता बन्न सक्छ ।

*लेखक मालिका गाँउपालिका म्याग्दीको सहायक प्रशासकीय अधिकृत हुनुहुन्छ ।*




हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको म्याग्दी नेपाल साप्ताहिक पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

प्रो.केबी भण्डारी
होटल कस्तुरी पार्क
कस्तुरी नान सेन्टर
बेनी नगरपालिका ८, कालीपुल बसपार्क, म्याग्दी
फोन : ०६९५२२०९७

नान, रोटी लगायतको खाना तथा खाजाका लागि हामीलाई सम्झनुहोस

## हार्दिक बधाई तथा शुभकामना



**मेघनाथ पौडेल**

हाम्रो कान्छो भाइ मेघनाथ पौडेलले दक्षिण कोरिया स्थित सनमुन बिश्वबिद्यालयबाट "राजनीति र प्रशासनिक शास्त्रबाट" बिध्यावारिधी (PHD) हासिल गरि परिवार र समाजको गौरब बढाउन सफल भएकोमा अत्यन्तै खुशी व्यक्त गर्दै सगौरव धन्यवाद सहित हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

**बालकृष्ण पौडेल**
**दाजु**

## सात‍ाको तस्बीर



हिन्दू नारीहरुको महान पर्व हरितालीका तीजको अवसर पारेर गैर सरकारी संस्था मिलन म्याग्दी र उज्यालो बैकल्पीक विद्यालय म्याग्दीको आयोजना तथा जिल्ला समन्वय समितिको समन्वयमा आयोजित स्वास्थ्य परीक्षणमा प्रजनन स्वास्थ्य सम्बन्धी सहज़ीकरण गर्नु हुँदै प्रदेश अस्पताल बेनीका स्त्रीरोग विशेषज्ञ डा.सरोज कुमार यादब । तस्बीर: *दिपा बुढाथोकी/ म्याग्दी नेपाल*

## हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको **म्याग्दी नेपाल साप्ताहिक** पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

| अस्मिता भण्डारी | मञ्जुर कटुवाल | संगम चोखाल क्षेत्री |
|---|---|---|
| कोषाध्यक्ष | सचिव | अध्यक्ष |

**स्वतन्त्र विद्यार्थी युनियन**
**म्याग्दी बहुमुखी क्याम्पस, बेनी परिवार**


**नेशनल ड्रग सेन्टर**
**पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा**
अस्पताल चोक, बेनीमा

प्रत्येक महिनाको पहिलो शनिबार

**डा. जेम महर्जन**
छाला यौन तथा कुष्टरोग विशेषज्ञ



दाज, सेतो दुबी, अनुहारको चाँया, पोतो, छालाको एलर्जी, घाउ खटिरा, कपाल झर्ने, खोइरो लागेको यौन अङ्गमा घाउ खटिरा आउने जस्ता सम्पूर्ण छाला रोगका बिरामीले समयमै सम्पर्क राख्नु होला ।

**डा. आकासमणी भण्डारी**
नाक कान घाँटी रोग विशेषज्ञ



बारम्बार रुघा खोकी लाग्ने, घाँटी खसखस गर्ने, टन्सिल भएका तथा पिनास भएका, नाकमा मासु पलाएका, कान पाक्ने, कान नसुन्ने, कान कराउने, टाउको दुख्ने घुमाउने जस्ता समस्या भएका बिरामीले समयमै सम्पर्क राख्नु होला ।

साथै सोही दिन कानको सुनाइ नाप्ने र नाक, कान घाँटीमा हेर्ने इन्डस्कोपी मेसिनका साथमा आउँदै हुनुहुन्छ ।

२०८२ भाद्र ७ शनिबार

९८५७६२४३५३ शम्भुराज पाण्डे
९८६७६२९४२४ अमरप्रसाद पाण्डे
०६९-५२०१९२, ५२०६८८

- दैनिक रुपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याब (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा

अग्रीम बुकिङको पनि व्यवस्था छ ।



TT/Rabies Injection

**प्राप्ती मेडिको फर्मा**
अन्नपूर्ण-६, पोखरेबगर, म्याग्दी

हाम्रा सेवाहरु
- उचित परामर्श (Counselling) ।
- दन्त उपचार सेवा ।
- आवश्यकता आधारमा घर भेट सेवा पनि उपलब्ध छ ।
- दैनिक बिरामी जांच ।
- इमर्जेन्सी सेवा ।
- ड्रेसिङ तथा घाउ सिलाउने ।
- बाफ लगाउने नेबुलाइजर सेवा ।
- परिवार नियोजन सेवा

प्रो. पवित्रा खड्का
९८५७६८०१८०, ९८५७६३५८२५



DG Print
Beni Bazar, Ganesh Toal

फ्लेक्स प्रिन्ट
डिजिटल ब्यानर, होडिङ्गबोर्ड, रिफ्लेटिकबोर्ड, लाइटबोर्ड, फ्लेक्स फोटो, स्टिकर प्रिन्ट

स्क्रिन/अफसेट प्रिन्ट
टि-सर्ट/जर्सी प्रिन्ट, प्लाष्टिक/फेवरिट ब्याग, विवाह/ब्रतवन्ध, शुभकामना, भिजिटिङ कार्ड प्रिन्ट

9857642152, 9847642152 (069-521241) dgprint.beni@gmail.com/bhim.dip@gmail.com


लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशक: अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्क: ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :*erupse@gmail.com*, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादक: तुलसी सुवेदी